आज मिति २०८१।०४।१० गते यस बेटखर गाउँकार्यपालिकाको कार्यालयमा गाउँकार्यपालिका अध्यक्ष श्री डम्बर बहादुर रावत क्षेत्री ज्यू को अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसियो।

उपस्थिति:

१. अध्यक्ष श्री डम्बर बहादुर रावत क्षेत्री
२. उपाध्यक्ष श्री प्रमीला देवी
३. सदस्य श्री शैलेन्द्र कुमार महतो
४. सदस्य श्री गंगाराम कुमर
५. सदस्य श्री हिरालाल महतो
६. सदस्य श्री दिपरमण दाहाल
७. सदस्य श्री शिवकरण यादव
८. सदस्य श्री राम कुमार पासमान
९. सदस्य श्री राम बहादुर सुडी
१०. सदस्य श्री मन कुमारी लामाङ्ग
११. सदस्य श्री खिन मायाँ
१२. सदस्य श्री शिवरति देवी चमैन
१३. सदस्य श्री कुसुम देवी सदा
१४. सदस्य-सचिव श्री भानुभक्त बराल
१५ सुदिप सापकोटा
१६ कल्याणी अर्याल

निर्णयहरू:

निर्णय नं.(१) गाउँपालिकाले यस आर्थिक वर्षमा निर्माण गर्ने र गाउँपालिका भित्रका सार्वजनिक भवनहरूको लागि माटो परीक्षण, भवन डिजाइनिङ र बिडिङ डकुमेन्ट निर्माणको कार्य प्रक्रिया अगाडि बढाउने निर्णय पारीत गरियो।

निर्णय नं.(२) यस आर्थिक वर्षको लागि सुचि दर्ता को आह्वान गर्ने कार्य अगाडि बढाउने निर्णय पारित गरियो।

निर्णय नं.(३) गत आ.व. को क्रमागत योजना सञ्चालन भईरहेकोमा पुराने उपभोक्ता समीति र ठेकेदार लाई नै म्याद थप गरी निरन्तरता दिने निर्णय पारित गरियो।

निर्णय नं.(४) वडा नं. २ मा निर्माणाधिन रहेको रजपुर को पक्की नाला को म्याद भाद्र १० गते सम्म थप गर्ने र सो योजनालाई क्रमागतमा राखी निर्माण कार्य कुशल सम्पन्न गराउन सम्बन्धित ठेकेदारलाई निर्देशन दिने निर्णय पारीत गरियो।

निर्णय नं(५) यस गाउँपालिका भित्रका वडाहरूले चालनी गरेको अनलाइन रजस्व काट्ने कार्य लगायतको कार्यालयका काम कारवाहीलाई सुचारु रूप दिन तत्काल आ०व० ०७४/०७५ को लागि सोलार जडान र इन्भर्टर जडान शिर्षक मध्ये हाललाई पाँच लाख भित्र रही इन्भर्टर जडानको कार्य तुरुन्त अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय पारित गरियो।

निर्णय नं(६) यस गाउँपालिका भित्र रहेका सार्वजनिक विद्यालय स्वास्थ्य संस्था, गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूमा तत्काल विद्युतीय हाजिरी (थम्पीङ्ग मेसीन) जडानको कार्य अगाडि बढाउन निर्देशन दिने निर्णय पारीत गरियो।

निर्णय नं(७) यस गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय पारित गरियो।

निर्णय नं(८) यस गाउँपालिका भित्रका विभिन्न वडाहरूमा सार्वजनिक सडक निर्माण लगायतका सार्वजनिक कार्यको लागि आवश्यक जग्गा अतिक्रमण को प्रक्रिया अगाडि बढाउने निर्णय पारित गरियो।

निर्णय नं(९) यस गाउँपालिका भित्र पर्ने देवकी नमुना प्रा० विद्यालयमा कम्प्युटर राख्ने टेबल, कुर्सी, कारपेट व्यवस्थापन गर्ने र सो रकम रु लाख भन्दाबढी नबनाउने गरी गर्ने निर्णय पारीत गरियो।

निर्णय नं(१०) यस बेल्खर गाउँपालिकाको शिक्षा ऐन २०७५ अन्तरगत रही निर्माण गरीएको बेल्खर गाउँपालिका को शिक्षा नियमावली २०७५ पारीत गर्ने निर्णय गरियो।

निर्णय नं(११) यस गाउँपालिकाले करारमा नियुक्ती गरेका कर्मचारी मध्ये अप्राविधिक कर्मचारी को तत्काल म्याद थप गर्ने र प्राविधिक कर्मचारीहरूको हकमा आगामी कार्यपालिकाको बैठकबाट निर्णय लिने निर्णय पारित गरियो।

निर्णय नं(१२) यस गाउँपालिकाले बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि आवश्यक स्वयम सेवक नियुक्ती गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय पारीत गरियो।